(नियम ५६ को उपनियम (२) सँग सम्बन्धित)

# अनुसूची–१० श्रम अडिट प्रतिवेदन

**मितिः-२०७७ /०३/२०**

| | | | |
|---|---|---|---|
| प्रतिष्ठानको नामः **अस्मिता ईँटा उद्योग**<br>ठेगानाः **म्याग्दे -२,तनहुँ ,गण्डकी प्रदेश ,नेपाल**<br>प्रतिष्ठानले गरि आएको मुख्य कामः **ईँटा उत्पादन तथा बिक्रिवितरण** | | | |
| श्रमिकको सङ्ख्यात्मक विवरण | | | |
| नियमित रोजगारीमा रहेको श्रमिक सङ्ख्याः८<br>कार्यगत रोजगारीमा रहेको श्रमिक सङ्ख्याः १००<br>समयगत रोजगारीमा रहेको श्रमिक सङ्ख्याः०<br>आंशिक रोजगारीमा रहेको श्रमिक सङ्ख्याः०<br>कुल कार्यरत श्रमिक सङ्ख्याः१०८<br>यसवर्षमा आकस्मिक रोजागारीमा श्रमिकलाई काममा लगाएको भए सोको अनुमानित सङ्ख्याः० | | महिला श्रमिक सङ्ख्याः३४<br>पुरुष श्रमिक सङ्ख्याः७४<br>अन्य श्रमिक सङ्ख्याः०<br>विदेशी श्रमिक सङ्ख्याः १४<br>व्यवस्थापकीय श्रमिक सङ्ख्याः २<br>तालिमी श्रमिक सङ्ख्याः ०<br>प्रशिक्षार्थीको सङ्ख्याः०<br>श्रम आपूर्तिकर्ता मार्फत कार्यरत श्रमिक सङ्ख्याः० | |
| श्रम ऐन,२०७४, श्रम नियमावली, २०७५ को पालना भए नभएको सम्बन्धमाः | | | |

| क्र. सं. | प्रतिवेदनमा समावेश हुनुपर्ने विषयहरु | पालना भएको छ, छैन।<br>(प्रतिष्ठानसँग सम्बन्धित नभएमा “असम्बन्धित “भनी लेख्ने) | कैफियत |
|---|---|---|---|
| १. | ऐनको दफा ११ बमोजिम सबै प्रकारको रोजगारीमा रहेका श्रमिकसँग रोजगार सम्झौता गरिएको वा नियुक्ति पत्र प्रदान गरिएको छ वा छैन ? छैन भने कति जनालाई किन प्रदान नगरिएको हो कारण खुलाउने। | **ऐनको दफा ११ बमोजिम निम्नलिखित प्राबधान र सर्तहरु स्पस्ट उल्लेख गरि दुवै पक्षबाट हस्ताक्षर गरिएको रोजगार सम्झौता सबै श्रमिकसंग गरिएको छ।**<br>✓ कामको प्रकार<br>✓ ज्याला वा प्रति ईँटा दर।<br>✓ पेश्की रकम<br>✓ साप्ताहिक हप्ता खर्च<br>✓ कार्यघण्टा (पुनश्च :- कार्यघण्टा यदि नियमित कार्यसमय भन्दा बाहिर भएमा जस्तै बेलुका ६ बजेदेखि बिहान ६ बजेसम्म भएमा रोजगार सम्झौतामा स्पस्ट उल्लेख गरिएको।<br>✓ भुक्तानी तालिका र सामान्य प्राबधान तथा सर्तहरुका साथै अन्य सेवा सुबिधा जस्तै संचय कोष ,लाभांस इत्यादि<br>✓ बिदा विवरण<br>✓ कामदार पुरानो वा नया<br>✓ उद्योगले कामदारलाई प्रदान गर्ने सेवा सुबिधा<br>✓ अन्य सेवा सुबिधा र सामग्री सहयोग | |
| २. | विदेशी नागरिकलाई काममा लगाएको भए ऐनको परिच्छेद–६ र नियमावलीको परिच्छेद–३ बमोजिम विदेशीलाई काममा लगाउदा श्रम इजाजत लिइएको छ वा छैन ? छैन भने किन? छ भने कति जनालाई लिइएको छ, खुलाउने। | **गरिएको छैन।**<br>नेपालीहरूले भारतमा काम गर्ने अनि भारतीयहरूले नेपालमा गर्ने आवागमन तथा रोजगारी सन् १९५० को नेपाल र भारतबीच भएको शान्ति तथा मैत्री सन्धीबाट निर्दिष्ट रहेको छ । सन्धीको धारा ७ मा दुवै देशका नागरिकले एक अर्काको भूभागमा आवतजावत गर्न, व्यापारव्यवसाय गर्न, बसोबास गर्न, सम्पत्ति खरिद बिक्री गर्न पाउने उल्लेख छ । यस आधारमा नेपाल र भारत दुवै देशले एक | |

| | | | |
|---|---|---|---|
| | | अर्काको देशमा काम गर्दा श्रमिकहरूको लागि श्रम स्वीकृति अनिवार्य नगरेको हुनाले ब्यबहारिक कठिनाईका कारण गरिएको छैन। | |
| ३. | १८ वर्ष पूरा नभएका कुनै बालबालिकालाई काममा लगाइएको छ वा छैन ? छ भने कसरी के काममा लगाइएको छ खुलाउने। | **५ जना अभिभाबक संग आएका १४ वर्ष पुरा भएका तर १८ बर्ष नपुगेका नाबालिग /किशोरकिशोरी कामदार कार्यरत रहेका छन्।** निजहरुलाई ऐनमा ब्यबस्था भए अनुरुप निम्नानुसारका सर्तका अधिनमा रही कार्यगत रोजगारीमा लगाईएको छ :-<br>(क) कुनै पनि जोखिमपूर्ण काममा नियुक्ति नदिने गरी।<br>(ख) प्रति दिन ६ घण्टाभन्दा बढी काममा अनुमति नदिने गरी।<br>(ग) बेलुकी ६ बजेबाट बिहान ६ बजेसम्म काममा अनुमति नदिने गरी।<br>(घ) १५ किलोग्रामभन्दा माथि भारी बोक्न अनुमति नदिने गरी।<br>(ङ) जोखिमपूर्ण औजारसँग काम गर्न अनुमति नदिने गरी।<br>(च) अतिरक्त समय (Overtime) काम गर्न अनुमति नदिने गरी।<br>(छ) साप्ताहिक विश्रामको दिन प्रदान गरिने गरी<br>(ज )निजहरुको उमेर खुल्ने प्रमाणपत्र यथासम्भब संकलन गरिएको।<br>साथै निज कामदारहरुको अभिलेख रजिस्टरमा उतारी राखिएको।<br>प्रतिष्ठानमा लागु हुने जोखिमपूर्ण कार्यको सुची निर्माण गरी कामदारलाई सजग गराईएको। १४ बर्ष भन्दा मुनिका बालबालिकाको लागि प्रतिष्ठान परिशरमा प्रारम्भिक बालविकास केन्द्र र बिद्यालय जाने बाताबरण तयार गरिएको। | |
| ४. | प्रशिक्षार्थीलाई काममा लगाइएको अवस्थामा ऐनको दफा १६ तथा १७ को पालना गरिएको छ वा छैन ? | **असम्बन्धित** | |
| ५. | तालिमीलाई काममा लगाइएको छ वा छैन ? तालिमीलाई काममा लगाउँदा ऐनको दफा १८ बमोजिम पारिश्रमिक वा सुविधा अन्य श्रमिक सरह दिइएको छ वा छैन ? | **असम्बन्धित** | |
| ६. | आंशिक रोजगारीमा श्रमिक कार्यरत छन् वा छैनन् ? भएमा ऐनको परिच्छेद–५ बमोजिम सुविधा तथा सामाजिक सुरक्षा प्रदान गरिएको छ वा छैन? | **असम्बन्धित** | |
| ७. | ऐनको दफा २८ बमोजिम श्रमिकलाई दैनिक आठ घण्टा र सप्ताहमा अठचालिस घण्टा भन्दा बढि काममा लगाउने गरिएको छ वा छैन ? | ऐनको दफा २८ बमोजिम श्रमिकलाई दैनिक आठ घण्टा र सप्ताहमा ४८ घण्टा भन्दा बढी काममा लगाउने गरिएको छैन। | |
| ८. | पाँच घण्टा काम गरेपछि आधा घण्टा विश्रामको समय दिने गरिएको छ वा छैन ? कार्यसमय भन्दा बढि काम गरेमा दफा ३१ बमोजिम अतिरिक्त | ५ घण्टा काम गरेपछि हरेक श्रमिकलाई आधा घण्टाको बिश्राम प्रदान गरिएको छ। कार्यगत रोजगारीका हकमा बाहेक अन्य श्रमिकलाई कार्यसमय भन्दा बढि काम गरेमा दफा ३१ बमोजिम अतिरिक्त पारिश्रमिक दिने वा सुविधा दिने गरिएको छ। | |

| | | | |
|---|---|---|---|
| | पारिश्रमिक दिने वा सुविधा दिने गरिएको छ वा छैन ? | | |
| ९. | महिलालाई सूर्यास्त पछि वा सूर्योदय अघिको समयमा काममा लगाउँदा ऐनको दफा ३३ बमोजिम यातायात र सुरक्षाको प्रबन्ध गरिएको छ वा छैन ? | सुर्यास्त पछि वा सुर्योदय अघि काम गर्ने महिला श्रमिक प्रतिष्ठान भित्रै बसोबास गर्ने हुनाले ऐनको दफा ३३ बमोजिम यातायातको प्रबन्ध लागु नहुने।<br>सुरक्षाको प्रबन्ध गरिएको छ। | |
| १०. | न्युनतम पारिश्रमिक भन्दा कम हुने गरी कुनै श्रमिकलाई पारिश्रमिक प्रदान गरिएको छ वा छैन ? | न्युनतम कार्यघण्टा काम गर्ने कामदारका हकमा न्युनतम भन्दा कम हुने गरी पारिश्रमिक प्रदान गरिएको छैन। कार्यगत रोजगारीमा काम गर्ने पथेराहरुले १ मिनेटमा औसतमा २ वटा इट्टा बनाउँदा १ घण्टामा १२० वटा इट्टा बनाउन सक्छन् । तर्सथ ८ घण्टा काम गर्दा रु ७०० कमाउन सक्छन् । भारी बोक्नेहरु ८ घण्टा काम गर्दा रु ५७५ कमाउन सक्छन् । | |
| ११. | प्रतिष्ठानको औसत मासिक पारिश्रमिक दर कति हो ? (आधारभुत पारिश्रमिक, भत्ता र सुविधा सहितको औसत अङ्क उल्लेख गर्ने) | **प्रतिष्ठानको औसत मासिक पारिश्रमिक दर १६५७५ रहेको छ।** जसमा<br>आधारभूत पारिश्रमिक -८४५५<br>महंगी भत्ता -४९९५<br>संचयकोष -८४६<br>उपदान -७४१<br>अन्य सेवा सुबिधा ( बिदा ,चाडपर्ब खर्च इत्यादी )-१५३८ | |
| १२. | ऐनको दफा ३६ बमोजिमको वार्षिक तलववृद्धि (ग्रेड) दिने गरिएको छ वा छैन ? | वार्षिक तलववृद्धि (ग्रेड) श्रमिकले पाउने मासिक आधारभूत तलबको आधा दिन बराबरको अनुपातमा नगरीएतापनिआपसी समझदारीमा बढाउने गरिएको छ। | |
| १३. | पारिश्रमिक भुक्तानीको अवधिको अन्तर एक महिनाभन्दा बढी हुने गरेको छ वा छैन ?(छ भने कारण उल्लेख गर्ने) | कार्यगत रोजगारीमा रहेका श्रमिकलाई साप्ताहिक निर्बाह भत्ता भुक्तानी गरिन्छ। बाँकी रहेको कुल कमाईबाट ३३ प्रतिशत भन्दा बढी नबढ्ने गरी पेश्की कट्टा गराई बाँकी रहेको संचित रकम कामदारको आबश्यकता अनुरुप प्रदान गरिन्छ। उत्पादन र कुल कमाईको चुक्ता भरपाई सिजनको अन्त्यमा मात्र प्रदान गरिन्छ। | |
| १४. | ऐनको दफा ३७ बमोजिम चार्डपर्व खर्च श्रमिकलाई प्रदान गर्ने गरिएको छ वा छैन? | ऐनको दफा ३७ बमोजिम श्रमिकले खाईपाई आएको आधारभूत तलब बराबरको रकम चाडपर्ब खर्चका रुपमा प्रदान नगरिएतापनि जिन्सी वा खाद्यपदार्थ प्रदान गरिएको छ। | |
| १५. | ऐनको परिच्छेद–९ बमोजिम निम्न बिदाहरु श्रमिकलाई कति दिन दिने गरिएको छ ? (सङ्ख्या उल्लेख गर्ने)<br>साप्ताहिक बिदाः<br>सार्वजनिक बिदाः<br>घर बिदाः<br>बिरामी बिदाः<br>प्रसुति बिदाः<br>प्रसुति स्याहार बिदाः<br>किरिया बिदाः<br>सट्टा बिदाः | साप्ताहिक बिदाः प्रत्येक १० दिनमा १ दिन<br>सार्वजनिक बिदाः छैन<br>घर बिदाः छैन छैन<br>बिरामी बिदाः छैन<br>प्रसुति बिदाः छैन<br>प्रसुति स्याहार बिदाः छैन<br>किरिया बिदाः आबश्यकताअनुसार<br>सट्टा बिदाः छैन | |
| | | | |

| | | | |
|---|---|---|---|
| १६. | ऐनको  दफा ५२ बमोजिम प्रत्येक श्रमिकलाई (नियमित रोजगारी, कार्यगत रोजगारी, समयगत रोजगारी, आंशिक समयको रोजगारी र आकस्मिक रोजगारीमा काम गर्ने) संचयकोष वा सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने गरिएको छ वा छैन ? जम्मा नगरेको भए सो रकम कहाँ प्रयोग गरिएको छ खुलाउने। | ऐनको  दफा ५२ बमोजिम प्रत्येक श्रमिकलाई (नियमित रोजगारी, कार्यगत रोजगारी, समयगत रोजगारी, आंशिक समयको रोजगारी र आकस्मिक रोजगारीमा काम गर्ने) संचयकोष वा सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने गरिएको छैन।  उक्त रकम हालसम्म छुट्टयाईने गरिएको छैन। | |
| १७. | ऐनको दफा ५३ बमोजिम प्रत्येक श्रमिकलाई (नियमित रोजगारी, कार्यगत रोजगारी, समयगत रोजगारी, आंशिक समयको रोजगारी र आकस्मिक रोजगारीमा काम गर्ने) उपदान वा सामाजिक सुरक्षाकोषमा रकम जम्मा गर्ने गरिएको छ वा छैन? सामाजिक सुरक्षाकोषमा जम्मा नगरेको सो रकम कहाँ प्रयोग गरिएको छ खुलाउने। | ऐनको  दफा ५३  बमोजिम प्रत्येक श्रमिकलाई (नियमित रोजगारी, कार्यगत रोजगारी, समयगत रोजगारी, आंशिक समयको रोजगारी र आकस्मिक रोजगारीमा काम गर्ने) उपदान वा सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने गरिएको छैन।  उक्त रकम हालसम्म छुट्टयाईने गरिएको छैन। | |
| १८. | ऐनको दफा ५४ बमोजिम औषधि उपचार बीमा गरिएको छ वा छैन ? | ऐनको दफा ५४ बमोजिम औषधि उपचार बीमा गरिएको  छैन। | |
| १९. | ऐनको दफा ५५ बमोजिम जुनसुकै प्रकारको दुर्घटना समेट्ने गरी बीमा गरिएको छ वा छैन ? | ऐनको दफा ५५ बमोजिम जुनसुकै प्रकारको दुर्घटना समेट्ने गरी बीमा गरिएको छैन। | |
| २०. | श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिक कार्यरत छन् वा छैनन्?<br>ती श्रमिक आपूर्तिकर्ता कम्पनीले ऐनको दफा ५९ बमोजिम अनुमति लिएको छ वा छैन ? अनुमति लिएको भए अनुमति नम्बर र मिति आपूर्तिकर्ता मार्फत कार्यरत श्रमिकले न्यूनतम पारिश्रमिक, सुविधा तथा ऐन र नियमावली बमोजिमको न्यूनतम स्तर प्राप्त भएको छ वा छैन ? यसको नियमित अनुगमन गरिएको छ वा छैन ? | **असम्बन्धित** | |
| २१. | ऐनको दफा ६८ बमोजिम सुरक्षा र स्वास्थ्य नीति तर्जुमा गरी कार्यान्वयन गरिएको छ वा छैन ? | **ऐनको दफा ६८ बमोजिम सुरक्षा र स्वास्थ्य नीति तर्जुमा गरी निम्नानुसारका प्राबधान पुरा गरिएको छ।**<br>(क) इँट्टा खलमा राख्ने र हटाउने कामदारहरूको लागि सुरक्षित जुत्ताको प्रयोग<br>(ख ) सिंढी , तल्ला, स्क्यापफोल्ड (खट) वा भ¥याङ्गहरू सुरक्षित तवरले प्रयोग | |

| | | | |
|---|---|---|---|
| | | (ग ) आबश्यक यन्त्रहरू प्रशिक्षित, अख्तियारवाला र अनुभवी कामदारहरूले मात्र प्रयोग गर्ने र चोटपटक लगाउन सक्ने त्यस्ता खालका यन्त्रहरू अनुमति प्राप्त नगरेका ब्यक्तिहरूको पहुँचबाट टाढा रहने गरी अलगै क्षेत्रमा, सुरक्षित बिजुली आपूर्ति सहित आकस्मिक स्टप बटन र मिसिन गार्डसहित स्थापित गरिएको । **तर नीतिमा उल्लेखित सम्पूर्ण प्राबधान पुरा गर्न नसकिएको ।** | |
| २२. | ऐनको दफा ७४ बमोजिम सुरक्षा र स्वास्थ्य समिति गठन भै नियमित रुपमा बैठक तथा निर्णय हुने गरेको छ वा छैन? | ऐनको दफा ७४ बमोजिम प्रतिष्ठानको ब्यबस्थापकिय तहको श्रमिक ,सुरक्षा हेर्ने बरिस्ठ कर्मचारी सहितको ५ सदस्सीय कामदार सुरक्षा र समीति गठन गरिएको । उक्त समितिमा प्रतिष्ठानले तोकेको स्वास्थ्यकर्मी नराखीएतापनि प्राथमिक उपचार तालिम प्राप्त ब्यक्ति राखिएको र नजिकैको स्वास्थ्य संस्था संग सम्झौता गरिएको । सुरक्षा र स्वास्थ्य समितिको बैठक आबश्यकता अनुरुप नियमित बस्ने गरिएको । | |
| २३. | ऐनको दफा १०८ बमोजिम प्रतिष्ठानले आन्तरिक व्यवस्थापनको लागि विनियमावली बनाएको छ वा छैन? | ऐनको दफा १०८ बमोजिम प्रतिष्ठानले आन्तरिक व्यवस्थापनको लागि विनियमावली बनाएको छ । | |
| २४. | विनियमावली श्रम कार्यालयमा दर्ता गर्ने र श्रमिकलाई वितरण गरिएको छ वा छैन ? श्रम कार्यालयमा दर्ता भएको भए दर्ता मिति र दर्ता नम्बर उल्लेख गर्ने। | विनियमावली श्रम कार्यालयमा दर्ता नगरिएतापनि प्रचलित श्रम ऐन संग नबाझिने गरी बनाईएको छ । श्रमिक तालिमको आयोजना गरी श्रमिकलाई उक्त बिनियमावलिका बारेमा जानकारी गराइएको छ । | |
| २५. | ऐनको दफा १११ बमोजिम प्रतिष्ठानमा श्रम सम्बन्ध समिति गठन गरी नियमित रुपमा बैठक हुने गरेको छ वा छैन ?<br>आर्थिक वर्षमा अन्तिम पटक बैठक भएको मिति उल्लेख गर्ने। | ऐनको दफा १११ बमोजिम प्रतिष्ठानको ब्यबस्थापकिय तहको कर्मचारी ,महिला श्रमिक तथा प्रशासन शाखा प्रमुख सहितको ७ सदस्सीय श्रम समिति गठन गरिएको । श्रम सम्बध समितिलाई गुनासो सुनुवाई गर्ने अधिकार समेत प्रत्यायोजन गरिएको । समितिको बैठक आबश्यकताअनुरुप बस्ने गरिएको ।<br>अन्तिम पटक बैठक बसेको मिति – २०७६/ १२/०८ गते शनिबार | |
| २६. | ऐनको दफा ११२ बमोजिम कार्यसम्पादन मुल्याङ्कन प्रणाली लागु गरिएको छ वा छैन ? | ऐनको दफा ११२ बमोजिम कार्यसम्पादन मुल्याङ्कन प्रणाली लागु गरिएको छैन । | |
| २७. | ऐनको दफा ११३ बमोजिम व्यक्तिगत मागदाबी पेश भए वा भएनन् ? माग दाबी पेश भएकोमा कति वटा दाबी व्यवस्थापकसँगको छलफलबाट समाधान भए ? सङ्ख्या उल्लेख गर्ने। | ऐनको दफा ११३ बमोजिम व्यक्तिगत मागदाबी पेश भएनन् । | |
| २८. | यो आर्थिक वर्षमा सामुहिक माग दाबी पेश भए वा भएन? | यो आर्थिक वर्षमा सामुहिक माग दाबी पेश भएन । | |
| २९. | मागपत्र पेश भएको भए कहिले पेश भएको थियो ? मिति उल्लेख गर्ने ? वार्ता जारी रहेको वा सम्झौता भैसकेको भए अवस्था उल्लेख गर्ने।सम्झौता भएको भए सम्झौताको | यो आर्थिक वर्षमा सामुहिक माग दाबी पेश भएन । | |

| | | | |
|---|---|---|---|
| | मिति ? सामुहिक सौदाबाजीको क्रममा हडताल वा तालाबन्दी भयो भएन ? अन्य कुनै उल्लेख गर्नुपर्ने कुरा भए सो व्यहोरा ? | | |
| ३०. | श्रम ऐन बमोजिम भएको सम्झौता, निर्णय वा फैसला कार्यान्वयन हुन बाँकी छ वा छैन ? भएमा कहिलेसम्म कार्यान्वयन हुन्छ खुलाउने। | **असम्बन्धित** | |
| योगदानमा आधारित सामाजिक सुरक्षा ऐन,२०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७४ | | | |
| १. | सामाजिक सुरक्षा कोषमा पंजीकरण भएको छ वा छैन ? | छैन। | |
| २. | सामाजिक सुरक्षा कोषमा योगदान जम्मा गर्ने गरिएको छ वा छैन ? | छैन। | |
| बोनस ऐन, २०३० तथा बोनस नियमावली, २०३९ | | | |
| १. | प्रतिष्ठानले बोनस ऐन,२०३० बमोजिम बोनस वितरण गर्नुपर्छ वा पर्दैन? | प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दश प्रतिशत बराबरको रकम कर्मचारीहरुलाई बोनस बापत बितरण गर्नु पर्दछ। | |
| २. | वोनस वितरण गर्नुपर्ने भए सो बमोजिम वितरण गरिएको छ वा छैन ? | बितरण गरिएको छैन। | |
| ३. | गत आर्थिक वर्षको वोनस वितरण गर्न बाँकी छ वा छैन ? | **असम्बन्धित** | |
| ट्रेड युनियन ऐन,२०४९ तथा ट्रेड युनियन नियमावली, २०५० | | | |
| १ | प्रतिष्ठानमा प्रतिष्ठानस्तरको ट्रेडयुनियन स्थापना भएको छ वा छैन ? | प्रतिष्ठानमा प्रतिष्ठानस्तरको ट्रेडयुनियन स्थापना भएको छैन। | |
| २. | आधिकारीक ट्रेडयुनियनको निर्वाचन भएको छ वा छैन ? | आधिकारीक ट्रेडयुनियनको निर्वाचन भएको छैन। | |
| अन्य विषयहरुः प्रतिष्ठानले आवश्यक विषय थप गर्न सक्ने | | | |
| १. | व्यवसाय जन्य सुरक्षा र स्वास्थ्य नीति लागु भए नभएको अडिट गर्ने छुट्टै व्यवस्था छ वा छैन ? | व्यवसाय जन्य सुरक्षा र स्वास्थ्य नीति लागु भए नभएको अडिट गर्ने छुट्टै व्यवस्था छ। | |
| सुधार गर्नुपर्ने विषयहरुमा सुझाव भए उल्लेख गर्ने : | | | |
| १. | | | |
| २. | | | |
| ३. | | | |

| | |
|---|---|
| विवरण भर्नेको नाम:- सुदिप सेढाई<br>पद:- ब्यबस्थापन कर्मचारी<br>हस्ताक्षर:-<br>मिति:-२०७७/०३/२० | विवरण स्वीकृत गर्नेको नाम:-<br>पद:-<br>हस्ताक्षर:-<br>मिति:-<br>छाप: |